स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा अभिनेता प्रकाश सपूतले निर्देशन गरेका कारण फिल्म 'वसन्त'लाई विशेष रूपमा हेरिएको छ। गीतमार्फत सामाजिक असमानता, देशको अस्थिरता र विभेदका मुद्दाहरू सशक्त ढंगले उठाउँदै आएका उनले आफ्नो पहिलो निर्देशकीय फिल्म कस्तो बनाएका छन् भन्ने कौतुहलता धेरैमा छ। सार्वजनिक गरिएको ट्रेलरपछि फिल्मप्रति दर्शकमा चासो बढेको छ। चार मिनेट लामो ट्रेलरलाई दुई दिनमा चार लाख बढीले हेरिसकेका छन् भने युट्युब टेन्डिङमा समेत उक्लिएको छ।

**आजको विचार...**



सरोज भट्टराई

नेपालका... (दुई पेजमा)

(दुई पेजमा)



नेपाली फिल्मको प्रदर्शन समयमा हुने विभिन्न झमेला निर्माताकै कारण हुने गरेको फिल्मकर्मीहरुले नै बताएका छन्। काठमाडौंमा जारी आठौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'फिल्म प्रदर्शनमा किन सधैं झमेला'अभिनेत्री, निर्माता र निर्देशक रेखा थापा, निर्माता रवीन्द्रसिंह बानियाँ, वितरक, निर्माता गोपालकाजी कायस्थ र प्रदर्शक भास्कर ढुङ्गाना वक्ता रहेको कार्यक्रमको सहजीकरण पत्रकार रिना मोक्तान गरेकी थिइन्।

❒ वर्ष ३० ❒ अंक २४० ❒ २०८१ चैत १३ गते बुधबार 26 March 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## पूर्वखोलाका किसानलाई चैते धान रोप्न भ्याइनभ्याइ

**महिलाहरु हरियो धानको विउँ काढ्न र रोप्नमा व्यवस्त देखिन्छन् भने पुरुषहरु खेत हिलाउन, आली गरा मिलाउनमै व्यस्त छन् । कतै किसानले हल गोरु लगाएर खेत जोतिरहेका छन् भने कतै गोरुको सट्टा ट्याक्टरको प्रयोग गरी हिलो फेटेका देखिन्छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १२/जिल्लाको पूर्वखोला गाउँपालिका भित्रका किसान चैते धान रोपाइँमा व्यस्त छन् । यहाँका डढेटा,लाबे, सातविसे, खैरेनी, आठबिसे, कलौली, चेवा मंगला, सुखौरा लगायतका फाँटका प्राय: किसानलाई चैते धानको रोपाइँको हतारोले एकैछिन फुर्सद छैन । डढेटा र कलौली फाँटका चिटिक्क खेतमा किसान चैते धान रोप्ने चटारोमा थिए । महिलाहरु हरियो धानको विउँ काढ्न र रोप्नमा व्यवस्त देखिन्छन् भने पुरुषहरु खेत हिलाउन, आली गरा मिलाउनमै व्यस्त छन् । कतै किसानले हल गोरु लगाएर खेत जोतिरहेका छन् भने कतै गोरुको सट्टा ट्याक्टरको प्रयोग गरी हिलो फेटेका देखिन्छ । सिंचाई सुविधा भएकाले चैत्र र बर्खा गरी दुईपटक धान रोप्ने प्रचलन रहेको छ ।

यहाँ फागुन महिनामा विउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने प्रचलन रहेको छ । 'सबै छिमेकी जम्मा भएर आपसमा रोपाइँको मेलापातमा सघाइरहेका छौं । यो बेला हाम्रा लागि व्यस्त समय हो,' डढेटाका किसान सोमबहादुर थापाले भने । यहाँ पानीको स्रोतको समस्या नभएकाले धमाधम रोपाइँ भइरहेको उनको भनाइ छ । यहाँका अधिकांश किसानहरु वर्षौंदेखि चैते धानमा आर्कषित हुँदै आएका छन् । पूर्वखोलाबासीले घरको धान प्रयोग गर्न कार्तिक महिना नै कुर्न पर्दैन, असार साउनमा पनि नयाँ धान भिर्याएर आम्दानी गर्न सक्छन् । आफुले जानेदेखि नै हिउँदे धान रोप्दै आएको कलौलीकी किसान गोमाया कामुले बताइन् । अधिकांस ठाउँका युवाहरु विदेश गइरहेका बेला डढेटाका केही युवाहरु भने कृषिमै लागेका छन् । डढेटा फाँटमा आली गरा मिलाउदै गरेको अवस्थामा युवा कृषकहरु पनि देखिन्थे । आली लगाउँदै गरेका मनु दिसुवाले पुस्तौदेखि आमाबुवाले लगाउदै आएको धान खेतीलाई आफुले पनि निरन्तरता दिदै आएको बताए । असारमा हुँदै आएको धान रोपाइँ चैत्र महिनामा पनि देख्न पाउँदा त्यहाँ पुग्ने नयाँ पुस्ता भने दंग छन् । कृषिमा आधुनिक प्रविधिसँगै बेमौसमी खेतीको प्रयोग बढ्दै गएको पाइन्छ । असारमा प्रशस्त मात्रामा नयाँ उत्पादन नहुने, खडेरी, गर्मी मौसमसँगै शुरु भएको बर्षा याममा भोकमरी तथा अनिकाल बढ्ने समयमा हिउँदे धानको उत्पादनले धेरै परिवारको छाक टर्ने, भोकमरी र अनिकाल हट्ने भएकाले नियमित रुपमा हिउँदे चैते धान लगाउँदै आएको कलौलीकी थमिश्वरा पुनले बताइन् । विशेष गरी यहाँका वडा नं. २, ३ र ४ मा रहेका फाँटहरुमा चैते धान रोपाइँ हुने गरेको गाउँपालिकाकी कृषि शाखा प्रमुख चाँदनी चौधरीले बताईन् । **-बाँकी अन्तिम पेजमा...**



### सक्षिप्त समाचार

## इजरायली हमलामा १४ को मृत्यु

(रासस/एएफपी)

**गाजा, चैत १२**/इजरायलको पछिल्लो आक्रमणको एक साता बितिसकेको अवस्थामा गाजाको नागरिक सुरक्षाले मंगलबार युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा इजरायली आक्रमणमा मध्यरातदेखि १४ जनाको मृत्यु भएको बताएको छ । इजरायली विमानले गाजामा २० भन्दा बढी आक्रमण गरेको र महिला र बालबालिका सहित कम्तीमा १४ जनाको मृत्यु भएको प्रवक्ता महमुद बासलले बताए । उनले गाजा सहरको जैतुन छिमेकमा बिहानको आक्रमणमा पाँच जनाको मृत्यु भएको र १२ जना घाइते भएको तथा खान युनिसको दक्षिणी क्षेत्रमा भएको आक्रमणमा एक दम्पती र उनीहरूका तीन सन्तानसहित नौ जनाको मृत्यु भएको बताए । एएफपीले मंगलबार सम्पर्क गर्दा सेनाले गाजामा मध्यरातमा आक्रमण गरेको पुष्टि गरी 'आतङ्कवाद विरोधी' कार्यवाहीको हिस्सा भएको स्पष्ट पारेको छ । प्यालेस्टिनी लडाकू समूह हमाससँगको युद्धविराम विस्तार गर्ने वार्तामा गतिरोध भएपछि इजरायलले एक हप्ताअघि गाजाभर तीव्र हवाई आक्रमणहरू पुन: सुरु गरेको थियो ।

## नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## गौचरन जग्गामा केराखेती

**देउखुरी (दाङ),** ठूलो राप्ती र सानो राप्तीको बीचमा रहेको लमही नगरपालिका-६ ढीकपुरमा २५ बिघा जमिनमा व्यावसायिक केराखेती गरिएको छ । उद्यमशील बहुउद्देश्य कृषि सहकारी संस्थाको लगानीमा गरिएको केराखेतीले बाझो जमिन हराभरा भएको छ ।

सहकारी संस्थाका सचिव विश्वप्रकाश अधिकारीका अनुसार २७७ कित्ता विभिन्न व्यक्तिका नाममा गौचरनका रुपमा रहेको ५२ बिघा जमिनलाई चक्लाबन्दी गरिएको छ । उनले भने, "सहकारीले कार्यविधि तयार गरेर चक्लाबन्दी जमिन तयार गर्ने र कृषिमा जोडिने नयाँ कार्यविधिअनुसार केरा खेती गरिएको छ ।" बाँझो जमिनलाई सदुपयोग गर्ने र व्यवसायमा जोडिने उद्देश्यले जमिनको खोजी गर्ने क्रममा राप्ती किनारमा गौचरनमा केराखती थालिएको हो । "जग्गाको मालिक खोज्ने र छलफल गर्ने काम भयो । उनिहरु सबैले जग्गा सहज रुपमा दिए", सचिव अधिकारीले भने । चक्लाबन्दी गरी पाँच वर्षका लागि जमिन भाडामा लिएको उनको भनाइ छ । "बलौटे माटो भएकाले यहाँ केराखेती राम्रो हुन्छ", उनले भने ।



बिरुवा उत्पादन गर्न मालभोग केराखेती गरेको अधिकारी बताउन्छन् । विसं २०८० वैशाखमा चितवनको टाँडी र हेटौँडाबाट २० हजार बोट ल्याएर केरा रोपिएको हो । रोपेको एक वर्षमा केरा पसाउन सुरु गरेको छ । बिरुवा खरिद गर्न रु ३७ लाख लगानी गरिएको अधिकारीले बताए । "केराका बिरुवा रेखदेख गर्न पाँच जनालाई रोजगारी दिएका छौँ", उनले भने । अन्य कृषिबाली जस्तो मेहनत गर्न नपर्ने र आम्दानी पनि राम्रो हुने भएपछि गत वर्षदेखि व्यावसायिक केराखेती गर्दै आएको अधिकारी बताउन्छन् । एकपटक रोपेपछि धेरै पटक आम्दानी लिन सकिने र अरु कृषिबाली जस्तो दु:ख नहुने भएपछि सहकारीले केराखेती गरेको उनले बताए । उद्यमशील बहुउद्देश्य कृषि सहकारी संस्थाका अध्यक्ष लक्ष्मी शर्माले व्यावसायिक केराखेतीबाट मनग्य आम्दानी गर्न सकिने बताए । "स्थानीय खोलाबाट लिफ्टिङ र बोरिङबाट पानीको जोहो भएको छ । लमही विद्युत् प्राधिकारणले विद्युत् विस्तार गरेकाले बिजुलीको समस्या छैन", उनले भने । केराखेतीका लागि देउखुरीमा माटोसँगै सिँचाइको व्यवस्था भएकाले थोरै खेतीबाट पनि पर्याप्त आम्दानी लिन सकिने भएकाले पछिल्लो समय केराखेती गर्ने किसान बढेका कृषि ज्ञान केन्द्र दाङका कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेले बताए । उनका अनुसार जिल्लामा पाँच सय ३० हेक्टर जमिनमा व्यावसायिक केराखेती हुने गरेको छ ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## सरकारको गलत निर्णय

जनताका असन्तुष्टिहरुलाई सम्बोधन गर्नुपर्नेमा जनताकै काम गरेर हिरो बनेका विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउने निर्णय गरेर सरकारले गम्भीर सैद्धान्तिक र राजनीतिक गल्ती गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको प्रस्तावमा मन्त्रिपरिषद्को सोमबार साँझ बसेको बैठकले घिसिङलाई हटाउने निर्णय गर्नु देश र जनताका लागि उपयुक्त हैन । आगामी साउन २४ मा घिसिङको चारवर्षे कार्यकाल सकिँदै थियो । साढे चार महिना मात्र कार्यकाल बाँकी रहेका घिसिङलाई सरकारले हटाउने निर्णय गर्नु गलत हो ।

कुलमान घिसिङको बर्खास्तीलाई लिएर राजनीतिक वृत्तमा तीव्र प्रतिक्रिया देखिएको छ भने सामाजिक सञ्जालमा सरकारको आलोचना चुलिएको छ । घिसिङको कार्यकालमा लोडसेडिङ अन्त्य भएपछि उनी जनस्तरमा अत्यधिक लोकप्रिय बनेका कारण पनि यति बेला सरकारको निर्णयप्रति सर्वत्र आलोचना भएको हो । सरकार गलत छ र कुलमान घिसिङ चाहिँ सोह्रैआना सही भन्ने अर्थ र आशय पनि होइन तर जनताको चाहना उज्यालो नेपाल हो । त्यसको सार्थकता कुलमान नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक भएदेखि यता देखिएको छ । आम नागरिकमा असन्तुष्टि बढ्दो छ । त्यही असन्तुष्टिलाई तेर्साएर एउटा तप्का व्यवस्था नै परिवर्तन गर्न भन्दै सलबलाइरहेको छ । यस्तो बेला सरकारको डेलिभरीबाट त्यो असन्तुष्टिलाई सम्बोधन गर्नुपर्नेमा असन्तुष्टिको आगोमा मट्टितेल हाल्ने काम गर्नु राम्रो होइन । मन्त्री र सरकार घिसिङका विरुद्धमा एकोहोरो लाग्नुले अरू राजनीतिज्ञ, विश्लेषक तथा जनताले उनले लोडसेडिङ गराएर व्यापारीका इनभर्टर, जेनेरेटरलगायतको व्यपार बढाइदिन खोजेको र व्यापारीसँगको सम्बन्ध मजबुत पारेर फाइदा लिने खोजेको अर्थमा बुझिरहेका छन् । एक दशकअघि मुलुकले भोगेको लोडसेडिङको कहालीलाग्दो अवस्था अझै पनि धेरैले भुलेका छैनन् ।

दैनिक १८ घण्टासम्मको लोडसेडिङले घरायसी कामकाजदेखि व्यापार व्यवसाय र उद्योग कलकारखानासम्म अस्तव्यस्त बनेको थियो । यसैबीच कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको प्रमुख भएसँगै लोडसेडिङको समस्या बिस्तारै समाधान हुँदै गयो थियो । मुलुकमा अँध्यारो युगको अन्त्य गर्दै उज्यालोतर्फ डोऱ्याएको भन्दै कुलमानलाई 'उज्यालोका हिरो' भनेर समेत सम्बोधन गरेको अवस्थामा सरकारले पदमुक्त गर्नुलाई कसैले पनि राम्रो मानेका छैनन् । पछिल्लो समय मुलुकमा अर्थतन्त्र चलायमान हुन नसकेको, बेरोजगारी तथा गरिबीको दर दिनप्रतिदिन बढ्दै गएका जस्ता समस्याको समाधान खोज्नुपर्ने समयमा उज्यालोका हिरो भनेर कहलिएका कुलमानलाई सरकारले जिरो बनाउन खोज्नु लाजमर्दो विषय हो । यसर्थ सरकारले जुन गैरजिम्मेवार निर्णय लिएको छ, यसले देश र जनताका लागि भने राम्रो गर्दैन ।

### Opinion @ Social Network

माया उमेर सँग हैन कसैको मन सँग हुन्छ
बिश्वास मान्छे सँग हैन उसको इमान सँग हुन्छ ।
*(सोभा मगरको फेसबुक स्टाटस https://www.facebook.com/Sova.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालका राजतन्त्रवादी किन विगतमा बाँचिरहेका छन् ?



सरोज भट्टराई

*रोचक कुरा के छ भने दलको द्वन्द्व र विकासको बीचमा, राजतन्त्र समर्थक समूहले लोकतान्त्रिक शक्तिलाई उनीहरूको लुकेका ठाउँबाट छानविन गरिरहेका छन् । शाह राजवंशको लामो इतिहासलाई ध्यानमा राख्दै, राजतन्त्र समर्थक समूह अझै ठूलो संख्यामा अवस्थित छन् भन्ने कुरामा कुनै आश्चर्य छैन । यो बुझ्नु महत्वपूर्ण छ कि यी शक्ति रातारात साकार भएका छैनन् । तिनीहरू सधैं यहाँ छन्, सधैं लोकतान्त्रिक शक्तिको कमजोरीमाथि हाम फाल्न खोजिरहेका छन् । सार्वजनिक मोहभंग र सामाजिक सञ्जाल विधेयकको हालैको प्रस्ताव पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा राजतन्त्र समर्थक समूहलाई काठमाडौंको सडकमा उत्रन उक्साउने प्रमुख ट्रिगरमध्ये एक हुनसक्छ । शाहले आफ्नो अनौठो आवाजमा प्रायः देशमा 'गहिरो हुँदै गएको संकट' र समृद्ध नेपाल चाहने हो भने मानिसले उनलाई कसरी समर्थन गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्छन् । शाही शिक्षा प्राप्त गरिसकेपछि, शाहले बुझ्नुपर्ने हो कि संघीय गणतन्त्र प्रणालीअन्तर्गत, राजतन्त्रात्मक शक्तिको कुनै प्रावधान छैन । राजतन्त्र पुन:स्थापनाको वकालत गर्ने राप्रपाले संघीय संसद्मा ६ प्रतिशत भन्दा कम सदस्य ओगटेको छ । राजतन्त्र पुन:स्थापना गर्न संवैधानिक संशोधन कुनै पनि हिसाबले सम्भव छैन । जनमत संग्रहका लागि, सरकारलाई दबाब दिन ठूलो जमघट हुनु आवश्यक छ । तर फेरि, संघीय संसद्ले निश्चित रूपमा राजतन्त्रका लागि जनमत संग्रहलाई अनुमोदन गर्ने छैन । यस बिन्दुमा, राजतन्त्रको पुन:स्थापना एक टाढाको सपना हो र यदि ज्ञानेन्द्र शाहलाई लाग्छ कि त्यहाँ एक सानो मौका छ भने उनले दिवास्वप्न देख्न बन्द गर्नुपर्छ ।*

नेपाली राजनीति दोबाटोमा छ भन्नु अतिरञ्जित हुनेछ । एक साहित्यकारले भन्नेछन् कि नेपाली राजनीति पोखरीको पानीको प्रतीक हो, स्थिर र खाडलबाट बाहिर निस्कन अस्वीकार गर्ने । यदि केही छ भने यो आमजनतामा देखिएको असन्तुष्टिमात्र हो । त्यसो भन्दैमा दलहरू पनि चोखा छैनन् । उनीहरूले सबैलाई आफ्नो कार्यकर्ताको रूपमा चित्रण गरिरहेका छन् । स्पष्ट के छ भने गणतान्त्रिक प्रणाली विश्वकै उत्कृष्ट प्रणाली हो । तर, शासक वर्गले यसलाई अस्थिर बनाइरहेका छन् । जसले यही मौकाको फाइदा उठाएर राजावादी हावी बनिरहेका छन् । व्यापक भ्रष्टाचार, संविधानका केही प्रावधानमा विवाद र नेताहरूको सत्ता लोभ र यससँग आउने लुटपाटले राष्ट्रको प्रगतिलाई बाधा पुऱ्याएको छ । शीर्ष नेताहरूसँग सम्बन्धित घोटाला यति बाहिर आएका छन् कि नागरिकले आफ्ना एक समयका मन पर्ने उम्मेदवार जो लोकतान्त्रिक बाटो हुँदै पदमा पुगेका थिए, तिनीहरूमाथि आक्रोश पोख्न थालेका छन् । सामाजिक सञ्जालमा सार्वजनिक मोहभंग स्पष्ट छ, मानिसहरूले महत्वपूर्ण मुद्दालाई सम्बोधन गर्न नेताहरूको असमर्थतामाथि आफ्नो क्रोध पोखिरहेका छन् । पछिल्लो समय, सामाजिक सञ्जाल विधेयकको प्रस्ताव र प्रधानमन्त्री केपी शर्मा ओलीले यो अध्यादेशलाई जुनसुकै मूल्यमा पारित गर्नुपर्ने आवश्यकतामा जोड दिएको कुराले मानिसलाई बढी आक्रोशित बनाएको छ । यो विवादास्पद विधेयक लागू गर्ने बारेमा विचार गरेकोमा पनि प्रधानमन्त्रीको कडा आलोचना भएको छ ।

लोकतान्त्रिक सिद्धान्तअन्तर्गत सबैलाई सरकारको विरुद्धमा बोल्ने र प्रश्न उठाउने अधिकार छ, जुन कुरालाई नेपाल राजतन्त्रवादीले शासन गर्दा स्पष्ट रूपमा 'अपराध' भनेर लेबल लगाइएको थियो । राजाले शासन गरेको युगमा राजनीतिक नेतालाई हथकडी लगाएर जेलमा हालिन्थ्यो, मिडियालाई सेन्सर गरिन्थ्यो र जनतामा डर फैलाइएको थियो ताकि उनीहरूलाई पूर्णरूपमा अन्धकारमा राखियोस् । पछाडि फर्केर हेर्दा, एक वयस्क नेपालीले दशकौं अघिका उदास वर्ष सम्झन पनि चाहँदैन, आफ्नो घाँटीमा सास फेर्न गाह्रो महसुस गर्छ । वर्तमान परिदृश्य पूर्णतया फरक छ, किनकि मानिस शासकको आलोचना गर्न र तिनीहरूको विरुद्ध बोल्न खुला छन् यो निःसन्देह लोकतन्त्रको वरदान हो । राजतन्त्र उन्मूलन गर्न समर्पित संघर्ष र बलिदानहरू अतुलनीय छन् । माओवादी शक्तिलाई नेपालमा लोकतन्त्र सम्भव बनाउन उनीहरूले गरेको कामका लागि सधैं सम्मान गरिनेछ । हराएका जीवनहरू- तिनीहरूमध्ये १७ हजार सधैं सम्झिनेछन् । सडकमा यति धेरै रगत बगिरहेको अवस्थामा, लोकतन्त्र एक कठिन संघर्षको पुरस्कार थियो, जसले समृद्धि र विकासको आशा ल्यायो । यद्यपि, दशकौंको अवधिमा, नेपालका प्रमुख दलभित्र राजनीतिक अस्थिरता र द्वन्द्व व्यापक बन्दै गएको छ । जसले विकासको मोर्चामा राष्ट्रको प्रगतिमा बाधा पुऱ्याएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध पनि नेपालका लागि चिन्ताको कारण बनेको छ । संविधानअन्तर्गत अवस्थित कानुनहरू भएकाले, राजनीतिक दलले एक्लै सरकार बनाउन लगभग असम्भव छ । जब गठबन्धन बन्छन्, दलहरू झगडा गर्छन् र एकअर्कालाई समन्वयमा काम नगरेको आरोप लगाउँछन् । यस अराजक राजनीतिक वातावरणमा फष्टाउने अवसर देखेर, नयाँ शक्ति अचानक देखापरेका छन् । बलियो विचारधारा र प्रभावशाली इतिहास बिना, यी नयाँ शक्तिहरू महत्वाकांक्षी मानिसको समूह हुन् जसको आँटमा भोकबाहेक केही छैन । तिनीहरूको प्रारम्भिक सफलतालाई पुराना दलको सुशासन र आर्थिक स्थिरता प्राप्त गर्नमा धेरै असफलताको श्रेय दिन सकिन्छ । यो उल्लेख गर्नु क्लिच हुनेछ कि यी नयाँ शक्ति केवल मूलधारका दलहरूको कमजोर प्रदर्शनको कारणले विकसित भएका छन् । अनि शंकाको फाइदा भन्ने कुरा पनि छ । नेपाली जनताले यी नयाँ शक्तिहरूलाई आफ्नो योग्यता र विश्वसनीयता प्रमाणित गर्ने मौका दिएर आफ्नो भाग्य जाच्ने प्रयास गरेका छन् । यो घटनाले लोकतन्त्रअन्तर्गतको चुनावलाई 'हिट-एन्ड-ट्रायल' दृष्टिकोणले चित्रण गर्छ । मानिसहरूलाई समाजको कल्याण र सम्पूर्ण राष्ट्रको बृहत्तर हितका लागि काम गर्न सक्ने नेता छनौट गर्ने पूर्ण स्वतन्त्रता छ । यी नयाँ शक्तिबाट थोरै धम्की पाएर, मुलधारका दलले आगामी चुनावी दौडमा अगाडि रहन सबै प्रकारका योजना र चाल बनाइरहेका छन् । विवादास्पद सामाजिक सञ्जाल विधेयकको प्रस्ताव सम्भवतः असुरक्षाको भावनाबाट उत्पन्न भएको हुन सक्छ । ती नयाँ, उत्साहित शक्तिहरूलाई धन्यवाद जसले आफ्नो भव्य सुरुवातको साथ राष्ट्रिय राजनीतिमा हलचल ल्याए । साथै, जनता कमजोरी औंल्याउन, सरकारलाई निरन्तर जवाफदेही हुन आग्रह गर्न मुखर भएका छन् । यदि नेता होइन भने आमजनता लोकतन्त्रको अभ्यासप्रति पूर्णरूपमा प्रतिबद्ध छन् । रोचक कुरा के छ भने दलको द्वन्द्व र विकासको बीचमा, राजतन्त्र समर्थक समूहले लोकतान्त्रिक शक्तिलाई उनीहरूको लुकेका ठाउँबाट छानविन गरिरहेका छन् । शाह राजवंशको लामो इतिहासलाई ध्यानमा राख्दै, राजतन्त्र समर्थक समूह अझै ठूलो संख्यामा अवस्थित छन् भन्ने कुरामा कुनै आश्चर्य छैन । यो बुझ्नु महत्वपूर्ण छ कि यी शक्ति रातारात साकार भएका छैनन् । तिनीहरू सधैं यहाँ छन्, सधैं लोकतान्त्रिक शक्तिको कमजोरीमाथि हाम फाल्न खोजिरहेका छन् । सार्वजनिक मोहभंग र सामाजिक सञ्जाल विधेयकको हालैको प्रस्ताव पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा राजतन्त्र समर्थक समूहलाई काठमाडौंको सडकमा उत्रन उक्साउने प्रमुख ट्रिगरमध्ये एक हुनसक्छ । शाहले आफ्नो अनौठो आवाजमा प्रायः देशमा 'गहिरो हुँदै गएको संकट' र समृद्ध नेपाल चाहने हो भने मानिसले उनलाई कसरी समर्थन गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्छन् । शाही शिक्षा प्राप्त गरिसकेपछि, शाहले बुझ्नुपर्ने हो कि संघीय गणतन्त्र प्रणालीअन्तर्गत, राजतन्त्रात्मक शक्तिको कुनै प्रावधान छैन । राजतन्त्र पुन:स्थापनाको वकालत गर्ने राप्रपाले संघीय संसद्मा ६ प्रतिशत भन्दा कम सदस्य ओगटेको छ । राजतन्त्र पुन:स्थापना गर्न संवैधानिक संशोधन कुनै पनि हिसाबले सम्भव छैन । जनमत संग्रहका लागि, सरकारलाई दबाब दिन ठूलो जमघट हुनु आवश्यक छ । तर फेरि, संघीय संसद्ले निश्चित रूपमा राजतन्त्रका लागि जनमत संग्रहलाई अनुमोदन गर्ने छैन । यस बिन्दुमा, राजतन्त्रको पुन:स्थापना एक टाढाको सपना हो र यदि ज्ञानेन्द्र शाहलाई लाग्छ कि त्यहाँ एक सानो मौका छ भने उनले दिवास्वप्न देख्न बन्द गर्नुपर्छ । पूर्वराजा शाहलाई थाहा हुनुपर्छ कि दुर्गा प्रसाईं र रवीन्द्र मिश्रको सार्वजनिक स्टन्टले लोकतन्त्रलाई ढाल्न सक्दैन । राजतन्त्र समर्थकका लागि ठीक छ, तिनीहरूले आशा गर्न सक्छन् र आफ्नो मसीहाका लागि प्रार्थना गर्न सक्छन् । तर, आदर्श कार्य भनेको सरकारको कार्यसम्पादन सुधार गर्न दबाब दिन अरूसँग सामेल हुनु हो । प्रगतिशील लोकतन्त्र समयको आवश्यकता हो । अनि राजतन्त्र छलफलको विषय पनि हुनुहुँदैन, किनकि मानिसले भविष्यमा अस्थिर पारस शाहलाई आफ्नो राजाको रूपमा कल्पना गर्न सक्दैनन् । कतिपय दल तथा समूहले पुरानै नेतृत्वले राजसंस्था पुन:स्थापनाका लागि गर्ने भनिएको आन्दोलनलाई एकताबद्ध बनाउन नसक्ने तर्क गरेका छन् । तर, अहिले भएकै दल र तिनका नेताले आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन सक्ने दाबी गर्ने पनि छन् । ***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अड्किएका मामलाहरू सुल्झिनेछन्। शत्रुहरू पराजित हुनेछन्। | **तुला** : आँटेको कार्य सम्पादन गर्न सकिनेछ। कार्यक्षेत्रमा शत्रुहरू बढ्नेछन्। |
| **वृष** : खानपानमा ध्यान राख्नुहोला। अरुको लागि श्रम वा बुद्धि खर्च गर्नुपर्ला। | **वृश्चिक** : पेशामा अधिकारीहरूबाट सहयोग मिल्ला। कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। |
| **मिथुन** : साझेदारी व्यापारमा लाभ मिल्नेछ। जीवनसाथीको साथ र सहयोग पाइएला। | **धनु** : संघसंस्थामा जुड्ने अवसर मिल्नेछ। आयआर्जनका नयाँ स्रोतहरू बन्नेछन्। |
| **कर्कट** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। श्रमको उचित मूल्यांकन नमिल्ला। | **मकर** : धार्मिक कार्यमा धन खर्च हुनेछ। उपहार मिल्नाले मन प्रसन्न रहनेछ। |
| **सिंह** : नयाँ निर्णय लिन सजिलो हुनेछ। रोकिएको कार्य प्रारम्भ हुनेछ। | **कुम्भ** : भविष्यको लागि सम्भावना खोजी गर्ने समय रहेको छ । व्यवसायमा लाभ रहनेछ। |
| **कन्या** : पठनपाठनमा मन लाग्नेछ। आयस्रोत बढाउनको लागि नयाँ अवसरहरू मिल्नेछन्। | **मीन** : मित्रता वा प्रेमको बन्धन कसिनेछ। कार्य प्रारम्भ गर्नुहोस् सफलता मिल्नेछ। |

## कला मनोरञ्जन

# अस्ट्रेलियाको मेलबर्नमा गुन्जियो नेपथ्य



अटेसमटेस दर्शक र मञ्चका कलाकारबिच सामञ्जस्य मिलेपछि कन्सर्टको रौनक अर्कै हुन्छ । त्यस्तो बेला दर्शकले दिने हरेक प्रतिक्रिया भव्य देखिन्छ । यसको उदाहरण देखियो सोमबार साँझ मेलबर्नको फेस्टिभल हलमा । कन्सर्ट सकिनै लाग्दा नेपथ्य ब्यान्डको परिचय गराउँदै गायक अमृतले 'आजको ड्रमसेटमाध्रुव' भन्दै बारम्बार दोहोर्‍याए । उत्ति नै पटक दर्शकले पनि 'ध्रुव' भनेर चिच्याए । उनले थप्दै लगे- 'मादलमा शान्ति', 'किबोर्डमा दिनेश', 'बेस गितारमा सुविन', 'गितारमा नीरज'। यसरी नाम लिइँदा दर्शकदीर्घाले उत्तेजित भएर प्रशंसा गरिरहेको थियो । अन्तिममा सानो स्वरमा 'र, म अमृत' भनेका मात्र के थिए, अघिसम्म चिच्याइरहेका दर्शक उफ्रिन सुरु गरे । भुई थर्किन थाल्यो । काठ ठोकिएको जमिन केही बेरै हल्लिरहँदा छेउमै उभिएका पाकिस्तानी मूलका सुरक्षाकर्मी हास्मे अहमदको अनुहारमा चिन्ता छाएको देखिन्थ्यो । मेलबर्नमा नेपथ्यले यसअघि दुई हजार दर्शक क्षमताको हल 'फोरम' प्रयोग गरेको थियो । यसपाला भने त्योभन्दा बढी क्षमताको भव्य एवं ऐतिहासिक 'फेस्टिभल हल' चयन गरिएको थियो । कन्सर्ट सुरु हुनुभन्दा झन्डै आधा घण्टाअगावै हल भरिभराउ भइसकेको थियो । घडीको सुईले बेलुकीको ठिक साढे ८ देखाउनासाथ पर्दामा 'सा कर्णाली' गीतको म्युजिक भिडियो बज्न सुरु भयो । विश्वमै तहल्का मच्चाइरहेको बेला 'बिटल्स' जस्तो ब्यान्डको कन्सर्ट अनि सन् १९५६ को ओलम्पिकमा कुस्ती प्रतियोगिता भएको यस हलमा दर्शकको भीडले सोमबार साँझ नृत्य गर्दा सुरुवातैदेखि भुई नराम्ररी थर्किन थालेको थियो । म्युजिक भिडियो लगत्तै मञ्चमा उपस्थित मुख्य गायक अमृतले 'कोशीको पानी, यो जिन्दगानी' बाट प्रस्तुति थालनी गरे । तेस्रो प्रस्तुति 'छेक्यो छेक्यो' पछि उनले दर्शकसँग संवाद सुरु गरे । त्यस क्रममा उनले नेपाली जता गए पनि मिलेर बस्नुपर्ने, देश र आफन्तलाई भेट्ने क्रम टुटाउन नहुने अनि भावी पुस्तामा पनि भाषाको विस्तार गर्नुपर्नेजस्ता सन्देश प्रवाह गरे । 'यो जिन्दगानी' गीत सुनाएपछि आफूले जस्तो पढ्ने अवसर नपाएका नेपाली केटाकेटीलाई सक्दो सहयोग गरिदिन आह्वान पनि गरे । कार्यक्रमले दर्शकको उत्तेजना बढाउने मात्र होइन, संवेदनालाई बलियो बनाउने उद्देश्यलाई पनि पछ्याइरह्यो । कन्सर्टको अन्त्यतिर 'मै नाचेँ छमछमी', 'रेशम' र 'तालको पानी' सम्म पुग्दा तिरिमिरी बत्तीका बीच सिंगै हल नाचिरहेको जस्तो देखिन्थ्यो । नाच्नेहरूको त्यही भीडमा भेटिइन् केट ह्यान्सन । नेपाली युवकसँगै बिहे गरेकी उनले यसअघि पनि मेलबर्नमा 'कन्दरा' र 'कबवेब' ब्यान्डको कन्सर्ट हेरेको सुनाइन् । 'नेपालमा मैले असाध्यै प्रतिभाशाली कलाकारहरू रहेको पाएँ,' आफू पनि कुनै समय गायिका रहेको बताउने उनले थपिन्, 'नेपथ्यले नेपालका गाउँघरको आवाज संकलन गरेर ल्याउँछ भन्ने जानकारी मेरा पतिबाट पाएपछि झनै बढी मन पर्न थालेको छ ।' केटले दुई वर्षअघि मेलबर्नमै आयोजित नेपथ्यको कन्सर्ट पनि हेरेकी रहिछन् । 'आफ्नो संस्कृतिसँग जोडिएको संगीत असाध्यै स्वादिलो हुन्छ,' उनले भनिन्, 'मेरो विचारमा आफ्नो मौलिक पहिचान अघि बढाउन सामूहिक प्रयास प्रभावकारी हुन्छ ।' नेपथ्यलाई मेलबर्नमा भव्य रूपले प्रस्तुत गर्न पाउँदा खुसी लागेको आयोजक आशिफ कार्कीले उल्लेख गरे । 'नेपाली कार्यक्रमका लागि मेलबर्नको कुनै हलभित्र तीन हजार दर्शक जम्मा भएको यो पहिलो पटक हो,' उनले थपे, 'दर्शक कार्यक्रममा अन्तिमसम्मै रमाएको देख्दा खुसी झनै बढेको छ ।' मेलबर्नपछि अब ब्यान्ड, व्यवस्थापक लगायतको १४ सदस्यीय टोली अन्तिम शो गर्न सिड्नीतर्फ लाग्नेछ । पृथ्वीको दक्षिणी गोलार्द्धमा रहेको सहर सिड्नीस्थित 'होर्डन पभिलियन' मा मार्च २९ र ३० मा कन्सर्ट हुनेछ । सुरूमा मार्च २९ को साँझका लागि मात्र कन्सर्ट राखिएकामा तीन साताअघि नै टिकट 'सोल्ड आउट' भएपछि दर्शकको चाहनालाई सम्मान गर्दै भोलिपल्टका लागि शो थपिएको हो । साढे पाँच हजार क्षमताको 'होर्डन पभिलियन' मा प्रस्तुति सकेलगत्तै ब्यान्ड स्वदेश फिर्नेछ । *-रातोपाटी डटकम*

# नेपाली फिल्म गर्नेबारे के भन्छिन् मनिषा ?



अभिनेत्री मनिषा कोइराला नेपाली फिल्मबाट अभिनय करिअर सुरु गरेर पछि बलिउडमा स्थापित भएकी हुन् । एक सयभन्दा बढी बलिउड फिल्ममा काम गरिसकेकी उनले नेपाली फिल्म भने 'फेरि भेटौंला' र 'धर्मा' मात्र गरेकी छन् । सन् २०१० मा प्रदर्शन भएको 'धर्मा'पछि पनि उनलाई थुप्रै नेपाली फिल्मबाट प्रस्ताव पुगेको थियो । तर, अहिलेसम्म उनको पुनरागमन हुन सकेको छैन । शनिबार 'नेपाल इन्टरनेशनल फिल्म फेस्टिभल'मा वक्ताको रुपमा उपस्थित भएकी मनिषाले नेपाली फिल्ममा फेरि काम गर्ने इच्छा रहेको बताइन् । उनले भनिन्, 'राम्रो रोल र राम्रो फिल्म आयो भने नेपाली फिल्म नगर्ने भन्ने कुरै छैन । म नेपाली फिल्ममेकरलाई अनुरोध पनि गर्न चाहन्छु कि मलाई एउटा असाधारण रोल दिनुहोस्, म अवश्य गर्छु ।

मलाई नेपाली फिल्म असाध्यै गर्ने इच्छा छ ।' उनले पछिल्लो समय व्यावसायिक र कलात्मक दुवै खालका नेपाली फिल्मले पाइरहेको सफलताले खुसी लागेको बताएकी छन् । उनी भन्छिन्, 'म यो कुराले खुसी छु कि अहिले कलात्मक फिल्मले हामीलाई अन्तर्राष्ट्रिय फेस्टिभलमा उभ्याउन सफल भएको छ भने व्यावसायिक फिल्मले नयाँ कीर्तिमान बनाइरहेको छ ।' उनले नेपाली फिल्मकर्मीहरूलाई आफ्नै कथा भन्न आग्रह गरेकी छन् । पारिवारिक रुपमा कांग्रेस पृष्ठभूमिकी मनिषा पछिल्लो समय राजावादी गतिविधिमा संलग्न भैरहेकी छन् । अघिल्लो चुनावमा उनी राजावादी पार्टी राप्रपाका उम्मेदवारलाई जिताउन घरदैलो अभियानमा समेत हिँडेकी थिइन् । यसैले उनी ढिलो चाँडो राप्रपाबाटै राजनीतिमा आउन सक्ने अड्कलबाजी भैरहेको छ । तर, उनले अहिलेसम्म राजनीतिमा आउनेबारे केही नसोचेको बताएकी छन् । 'क्रियटिभ मान्छे राजनीतिमा खासै सफल भएका छैनन् । र, पोलिटिक्समा लागेर मात्र परिवर्तन आउँछ भन्ने छैन । पोलिटिक्सभन्दा बाहिर बसेर पनि धेरै काम गर्न सकिन्छ,' मनिषाले फेस्टिभलको 'सिनेमा संवाद' सेक्सनमा भनिन्, 'फिल्म आफैंमा 'सफ्ट पावर' हो । हामीले फिल्मबाट राम्रो-राम्रो विषय उठाउन सक्यौं भने त्यो पनि प्रभावकारी हुन्छ । राजनीतिमा आउनेबारेमा भने सोचेको छैन ।' *-फिल्मी खबर डटकम*

# चौथो संस्करणको नेपाल ग्रामीण चलचित्र महोत्सव




नेपाल ग्रामीण चलचित्र महोत्सवको चौथो संस्करण आउँदो वैशाख ४ गतेदेखि ६ गतेसम्म हुने भएको छ । यस पटकको महोत्सव गोसाइँकुण्ड गाउँपालिका रसुवामा हुने भएको हो । सेलिब्रेटी नेपालको आयोजनामा नियमितरूपमा हुने गरेको महोत्सवको उद्देश्य पर्यटन प्रवर्द्धनसँगै नेपाली चलचित्रलाई ग्रामीण बजारमा पुर्‍याउने रहेको महोत्सवका अध्यक्ष रघुनाथ सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार महोत्सवमा नेपाली मौलिक ग्रामीण कथावस्तुमा बनेका चलचित्र समावेश गरिनेछ । महोत्सवमा डकुमेन्ट्री, लघु चलचित्र, फिचर फिल्म र भाषाभाषीका चलचित्रहरूलाई समावेश गरिने जनाइएको छ । 'आफ्नै गाउँ, आफ्नै ठाउँ, आफ्नै भाषा, आफ्नै चलचित्र' भन्ने मूल नाराका साथ आयोजना हुने महोत्सवमा गाउँले परिवेशमा निर्माण गरिएका स्वदेशी छोटा चलचित्र, डकुमेन्ट्री, फिचर चलचित्र र भाषाभाषीका चलचित्र सहभागी हुनेछन् । जुरी टिमले छनोट गरेका चलचित्रहरू स्क्रिनिङ गर्ने र उत्कृष्ट चलचित्रलाई अवार्ड प्रदान गरिनेछ । विगत चार वर्षदेखि आयोजना हुँदै आइरहेको यो महोत्सवमा मौलिक ग्रामीण विषयवस्तु भएका चलचित्रहरू समेटिएको छ । महोत्सवमा फिल्म स्क्रिनिङसँगै ग्रामीण परिवेशलाई समेटेर कस्ता चलचित्र बनाउने र कस्ता चलचित्रले दर्शकको साथ पाउनेछ भन्ने विषयमा अन्तरक्रिया, कार्यशाला गोष्ठीहरूसमेत गरिनेछ । पहिलो वर्ष गोरखाको लाप्राकमा आयोजना गरिएको यो महोत्सव दोस्रो पटक काभ्रे जिल्लाको भकुण्डेबेसीमा र तेस्रो पटक रामेछापमा आयोजना गरिएको थियो । दर्शकलाई नेपाली मौलिक चलचित्रप्रति आकर्षित गराउनु र नियमित चलचित्र हेर्ने बानी बसाल्नु, ग्रामीण कथामा बनेका चलचित्रहरूलाई विश्वमाझ पुर्‍याउनु र स्थानीय क्षेत्रको भाषा, कला, संस्कृति एवं पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नु महोत्सवको मुख्य उद्देश्य रहेको सापकोटाले बताउनुभयो । महोत्सवमा चलचित्र विकास बोर्डले सहकार्य गरेको छ । गोसाइँकुण्ड गाउँपालिका रसुवाले वार्षिकरूपमा आयोजना गर्दै आएको चौथो पालिका कप भलिबल प्रतियोगिता पनि वैशाख २ गतेदेखि ६ गतेसम्म हुनेछ । रसुवा जिल्लाको पर्यटन प्रवर्द्धनमा यस्ता कार्यक्रमले विशेष महत्व राख्ने र जिल्लालाई देश तथा विदेशमा समेत चिनाउने आयोजकले दाबी गरेको छ । *-इहिमालय टाइम्स डटकम*

# 'जेरी अन टप' छायांकन सकियो



अनमोल केसी, आँचल शर्मा र केदार घिमिरेले आगामी फिल्म 'जेरी अन टप'को छायांकन सकेका छन् । ६० दिनमा हिमालपारिको जिल्ला मुस्ताङमा छायांकन सम्पन्न भएको निर्माता सरोज न्यौपानेले बताए । फिल्मको सबै दृश्य खिचिएपनि बाँकी दुई गीतको छायांकन भारतको दक्षिणपूर्वी सामुन्द्रीक तटीय सहर पोन्डीचेरी र अर्को गीत काठमाडौंमा हुनेछ । यसअघि भारतको लद्दाखमा खिच्ने भनिएको एक गीतको सुटिङ मुस्ताङमै गरिएको छ । 'छायांकनबाट सन्तुष्ट छु । यसपटक दिल खोलेरै काम भयो' यसअघि सम्बोधन, ग्याङस्टर ब्लुजजस्ता फिल्म निर्माण गरेका न्यौपानेले भने, 'दृश्य सबै छायांकन सकियो, बाँकी २ गीतलाई पोन्डीचेरी र काठमाडौंमा खिच्नेछौं ।' सगरमाथा क्षेत्रको लुक्ला र मुस्ताङमा यो रोमान्टिक रोडट्रिप फिल्मको छायांकन पुरा भएको हो । छायांकन सकिँदासम्म फिल्मको बजेट झण्डै ६ करोड पुगेको न्यौपानेले बताए । २ करोडजति रकम कलाकार, लेखक र प्राविधिकको पारिश्रमिकमा खर्च भएको उनले जनाए । निर्माताले हङकङको एलजी एसोसिएसनलाई अस्ट्रेलियाबाहेकको अन्तर्राष्ट्रिय वितरण अधिकार न्यूनतम सुनिश्चितता (एमजी)मा बिक्री गरेका छन् । विदेशको सबै राइटबाट लगानीको आधा रिकभर हुने हिसाब निर्माताको छ । अनन्या फिल्म्सको ब्यानरमा निर्माण भएको यो फिल्मलाई सुयोग गुरुङले निर्देशन गरेका हुन् । *-अनलाइन खबर डटकम*

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

# तानसेन नगर प्रज्ञा -प्रतिष्ठानद्वारा विभिन्न क्षेत्रका ३५ व्यक्ति सम्मानित




**पाल्पा,** चैत १२/ तानसेन नगर प्रज्ञा - प्रतिष्ठानले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान गरेको छ । प्रतिष्ठानले नगरको भाषा, साहित्य, कला, संस्कृति, सम्पदा, परम्परा, कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, रितिरिवाज, जात्रा, मेलापर्व समाजसेवा लगायतका क्षेत्रमा महत्वपूर्ण योगदान दिएका ३५ जना व्यक्तिहरुलाई एक कार्यक्रमकाबिच मंगलबार तानसेनमा सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा वरिष्ठ पत्रकार तथा शैक्षिक व्यक्तित्व मेघराज शर्मा, पत्रकार तथा साहित्यकार मन गहिरे, शैक्षिक तथा सामाजिक व्यक्तित्व बुद्धी प्रसाद शर्मा, शैक्षिक तथा स्वास्थ्यसेवी गोपाल प्रसाद पोखेल, संस्कृति तथा शैक्षिक व्यक्तित्व छत्रराज शाक्य, संस्कृतिक संरक्षक तथा साहित्यकार राजेन्द्र गोपाल सिं,कलाकार अशोकमान सिंह, कलाकार किरण चित्रकार, कृषि उद्यमी केशव कार्की, ४ ढाका उद्यमी गङ्गाराम नेपाल, शिक्षा तथा समाजसेवी झमान सिं दर्लामी, शिक्षासेवी तथा पर्यटन उद्यमी टुक बहादुर थापा (अर्गाली), शिक्षासेवी देव प्रसाद ब्रजाचार्य, शिक्षा तथा समाजसेवी द्धारीका प्रासद शर्मा, पर्यटन उद्यमी धनिश्वर बस्याल, कलाकार तथा अभिनेता धिरेन शाक्य सम्मानित भएका छन् । यस्तै साहित्यकार डा. नारायण प्रसाद गैरे, धातु तथा करुवा उद्यमी, प्रदीप कुमार ब्रजाचार्य, संगीतकर्मी भरत देउराली, धातु तथा संस्कृति संरक्षक मंगल प्रसाद ब्रजाचार्य, संगीतकर्मी तथा संस्कृतिबिद्हरु मदन देउराली, महेश देउराली, गायक मिना नेपाली गैरे, स्वास्थ्यसेवी रचेल कारक, साहित्यकार रजिउल्ला मिया, शैक्षिक तथा साहित्यिक व्यक्तित्व राधाकृष्ण शर्मा, स्वास्थ्यसेवी लोकमान शाक्य, साहित्यकारहरु बनमाली निराकर, विजय सागर, पर्यटन उद्यमी सावित्रा भुसाल, साहित्यकार प्रा.डा. सावित्री कक्षपति, शिक्षाबिद् तथा समाजसेवी सुशिला श्रेष्ठ, ढाका उद्यमी हरि कृष्ण कार्की, स्वास्थ्यसेवी विश्वमान बज्राचार्य र साहित्यकार अजम्वरध्वज खातीलाई प्रतिष्ठानले सम्मान गरेको हो । उनीहरुलाई कार्यक्रमका प्रमुख अथिति तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ नगद १० /१० हजार, दोसल्ला र प्रमाणपत्रले सम्मान गरेका थिए । सम्मान गर्दै उनले तानसेन नगर भित्र रहेका भाषा, साहित्य, कला, संस्कृति, सम्पदा, परम्परा, कृषि , उद्योग , पर्यटन ,शिक्षा, स्वास्थ्य, रितिरिवाज, जात्रा, मेलापर्व समाजसेवा लगायतका क्षेत्रको विकासमा सहयोग पुगोस् भन्ने उद्देश्यले नगरपालिका मातहत प्रतिष्ठान गठन गरिएको बताए । उनले यस वर्ष प्रतिष्ठानको लागि १५ लाख बजेट विनियिजन गरिएको समेत बताए । शष्ट अतिथि प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले सम्मानले योगदानको कदर गरेको भन्दै प्रतिष्ठानको प्रशंसा गरे । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले जुन क्षेत्रका व्यक्तिहरुलाई सम्मान गरिएको छ ति क्षेत्रको पीडालाई सम्बोधन गर्न सके मात्र सम्मानले सार्थकता प्राप्त गर्ने बताए । कार्यक्रममा सम्मानित व्यक्तिहरु अशोकमान सिं, सुशिला श्रेष्ठ, गोपालबहादुर पोखेल, प्रा.डा. सावित्री कक्षपति लगायतले आफुहरुको योगदानको गरेकोमा प्रतिष्ठानलाई धन्यवाद दिए । प्रतिष्ठानका उपकुलपति चोलेश्वर शर्माको अध्यक्षता, सदस्य अर्चना शाक्यको स्वागत, सदस्य सचिव दुर्गाबहादुर थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पा दरबार संग्रहालयलाई तोपका गोला हस्तान्तरण

**भरत शर्मा**



पाल्पा, चैत १२/ पाल्पा दरबार संग्रहालयलाई तोपका गोला हस्तान्तरण गरिएको छ । नेपाली सेनाले तयार पारेका र विभिन्न समयमा फेला परेका ९० गोटा तोपका गोलाहरु संग्रहालयलाई हस्तान्तरण गरिएको हो ।

पृतनापति उपरथी प्रेमबहादुर पुनले "महिन्द्रकाली तोप" संग्रालयका प्रमुख श्याम कुमार पौडेललाई हस्तान्तरण गरेका हुन् । तानसेन नगरपालिका -४, गोलाखानीस्थित सैनिक हिताधिकारीहरुको सुविधाको निम्ति नेपाली सेना सैनिक कल्याणकारी निर्देशनालयमार्फत गेष्ट हाउस निर्माणको जग खन्ने क्रममा फेला परेका विभिन्न साईजका तोपका गोला र श्री दि फेमस महिन्द्र दलगणको जनशक्तिले ईम्प्रोभाईज गरी तयार पारेका उक्त तोपको "महिन्द्रकाली तोप" (रिप्लिका) हस्तान्तरणपछि संग्रहालयमा राखिएको छ । गोला हस्तान्तरण कार्यक्रममा मध्यपश्चिम पृतनाका पृतनापति, प्रमुख जिल्ला अधिकारी, श्री नं. २२ वाहिनी अड्डाका, बाहिनीपति, गणपति, सुरक्षा निकायका प्रमुख, पत्रकारहरुको उपस्थिती रहेको थियो । ऐतिहासिक तोपहरु संग्रहालयमा राखेपछि आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण बढ्ने विश्वास लिइएको छ ।

# पूर्वखोलाका किसानलाई...

...उनका अनुसार यहाँ १५ हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुने गरेको छ । यस वर्ष सोमबारसम्म १० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको कृषि प्रमुख चौधरीले बताइन् । यहाँका अधिकांस फाँटहरुमा पर्याप्त मात्रमा सिचाँइको सुविधा भएकाले कृषकहरु दुई सिजन नै धान खेतीमा आकर्षण हुने गरेका छन् ।

कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमहरु बनाउने गरेको पालिका अध्यक्ष नुन बहादुर थापाले बताए । उनले भने ' हामीले विउ, विजन, मल, प्राविधिक सहयोग कृषि क्षेत्रमा गर्दै आएका छौं, त्यसैले पनि कृषकहरु कृषिमा उत्साहित हुनुहुन्छ ।' यहाँका खोलाबाट कुलो बनाएर कृषकहरुले धान रोप्ने गरेको अध्यक्ष थापाले बताए । यहाँका कृषकहरुले अन्य बाली भन्दा पनि धान बालीमा बढी आकर्षित हुने गरेको पालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराईले बताईन् । उनले अन्य स्थानीय तहहरुमा धेरै खेतबारीहरु बाँझो रहे पनि आफुहरुको पालिकामा अहिलेसम्म त्यस्तो अवस्था नरहेको उल्लेख गरिन् । विगतमा स्थानीय जातको धान लगाउँदा कृषकले उत्पादन कम गरे पनि पछिल्लो समय उन्नतजातको विउ लगाउन थालेपछि उत्पादनमा समेत वृद्धि भएको पालिकाका प्रमुख प्रशासकिय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले बताए । उनले बाँझो जग्गाको सदुपयोग गर्ने गरी कृषकहरुलाई पालिकाले प्रोत्साहनका कार्यक्रम समेत ल्याउने गरेको बताए । पाल्पाका अन्य फाँटहरुमा पनि यतिबेला चैते धान रोप्ने चटारो छ । फागुन महिनामा विउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने प्रचलन रहेको छ । पाल्पामा नियमित रुपमा कुलो लाग्ने र प्रशस्त पानी भएका खोला नालाका फाँटहरुमा चैते धान रोप्ने गर्छन् । जिल्लाको पूर्वखोला, रामपुर, रम्भा, निस्दी लगायतका फाँटहरुमा चैत्रे धान रोप्ने गरिन्छ । यहाँ ६ सय २० हेक्टरमा चैत्रे धानको खेती गरिन्छ भने ७ सय कृषकले चैते धान लगाउँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

## खेलकुद समाचार

# प्रधानमन्त्री कप क्रिकेट पुलिस क्लब फाइनलमा




**घोराही (दाङ),** चैत १२/लिग चरणको एक खेल बाँकी छुँदै नेपाल पुलिस क्लब प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । मंगलबार भएको खेलमा पुलिसले कर्णाली प्रदेशलाई ४४ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो । लमहीको देउखुरी क्रिकेट रङ्गशालामा पुलिसले दिएको १४७ रनको लक्ष्य पछ्याउने क्रममा कर्णाली प्रदेशको पारी २४ ओभरमा सबै विकेट गुमाउँदै १०३ रनमै समेटियो । कर्णालीका लागि रविन्द्र शाहीले ४९ र अर्जुन घर्तीले ३० रन बनाए । बलिङतर्फ खेलको म्यान अफ दी म्याच घोषित ललितनारायण राजवंशीले ९ ओभरमा ४१ रन खर्चिंदै ६ विकेट लिए । यस्तै सागर ढकालले २ र करण केसीले १ विकेट लिए । यसअघि टस हारेर पहिला ब्याटिङ गरेको पुलिसले ४८ ओभरमा सबै विकेट गुमाउँदै १४७ रन बनायो । पुलिसका लागि अर्जुन साउदले ३६, दिलिप नाथले ३४ र सागर ढकालले अविजित २२ रन बनाए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से घट्यो



**काठमाडौं,** चैत १२/कारोबार दिनपछि हिजो बढेको शेयर बजार मंगलबार फेरि घटेको छ । शेयर बजार परिसूचक नेप्से आज ५५ दशमलव ९० अङ्कले घटेर २ हजार ५ सय ८४ दशमलव ८८ विन्दुमा झरेको छ ।

मंगलबार सबै समूहको शेयर घटेकोमा विकास बैंक, फाइनान्स र जलविद्युत् समूहको शेयर ३ प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ । यस्तै होटल, बीमा, माइक्रोफाइनान्स समूहको शेयर २ प्रतिशतभन्दा धेरैले घटेको छ । मंगलबार नारायणी विकास बैंक समूहको शेयर झन्डै १० प्रतिशतले ओरालो लागेको छ । नेप्से उच्च अङ्कले घटेको दिन नेपाल क्रेडिट एन्ड कमर्स बैंकको डिबेन्चर २०८६ भने साढे ४ प्रतिशतले बढेको छ । मंगलबार नेप्से घटे पनि कारोबार रकम भने बढेको छ । सोमबार ४ अर्ब ४८ करोडको कारोबार भएकोमा आज ३ सय २५ वटा कम्पनीका १ करोड ११ लाख कित्ता शेयर ५ अर्ब १८ करोड रुपैयाँमा किनबेच भएको छ । लिमिटेडको ३२ करोड ६९ लाख ७७ हजार ५७८ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा ग्रोथ फन्डको सात लाख १० हजार कित्ता शेयर किनबेच भएको छ ।


# रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई